सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी

माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल

आदेश

०८२-WO-०३३१

विषयः उत्प्रेषण।

अधिवक्ता प्रतिभा उप्रेती समेत .......................................................१ निवेदक

विरुद्ध

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत ...............................१ विपक्षी

रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदक तफबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री टीकाराम भट्टराई र विद्वान् अधिवक्ताहरू श्री अनन्तराज लुईटेल, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री सरस्वती थापा, श्री प्रतिभा उप्रेती श्री विशाल थापा, तथा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका तर्फबाट उपस्थित माननीय महान्यायाधिवक्ता श्री सबिता भण्डारी, विद्वान् नायब महान्यायाधिवक्ता हरु श्री संजीवराज रेग्मी, श्री लोकराज पराजुली, श्री खेमराज ज्ञवाली तथा उपन्यायाधिवक्ता श्री प्रकाश घिमिरेले गर्नुभएको बहससमेत सुनियो।

यसै निवेदनसाथ पेश हुन आएको ०८२-WO-०३२९ को उत्प्रेषण परमादेश निवेदनमा विभिन्न मित्र राष्ट्रहरूमा कार्यरत ११ जना राजदूतहरूलाई फिर्ता बोलाउने गरी मिति २०८२।०६।३० मा मन्त्रिपरिषदबाट भएको निर्णय तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी आजैका मितिमा यसै इजलासबाट नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतका नाममा अन्तरिम आदेश जारी भएको र प्रस्तुत निवेदन सो निवेदनसँग अन्तरसम्बन्धित भई सो बमोजिम हुने नै हुँदा प्रस्तुत मुद्दामा अन्तरिम आदेश सम्बन्धमा थप बोलिरहनु पर्ने भएन। कानूनबमोजिम गर्नुहोला।

न्यायाधीश                                        न्यायाधीश

इति संवत् २०८२ साल कार्तिक १६ गते रोज १ शुभम् ..............................

सर्वोच्च अदालत, संयुक्त इजलास
मानननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल

**आदेश**

०८२-WO-०३२८

विषयः उत्प्रेषण।

सुनिल भट्टराई ........................................................................१ निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत .................................१ विपक्षी

रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी., विद्वान् अधिवक्ताद्वय श्री चुणामणि पौडेल र श्री अर्जुनबहादुर खड्का तथा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका तर्फबाट उपस्थित माननीय महान्यायाधिवक्ता श्री सबिता भण्डारी विद्वान् नायब महान्यायाधिवक्ताहरु श्री संजिवराज रेग्मी, श्री लोकराज पराजुली र श्री खेमराज ज्ञवाली तथा उपन्यायाधिवक्ता श्री प्रकाश घिमिरेले गर्नुभएको बहससमेत सुनियो।

यसै निवेदनसाथ पेश हुन आएको ०८२-WO-०३२९ को उत्प्रेषण परमादेश निवेदनमा विभिन्न मित्र राष्ट्रहरूमा कार्यरत ११ जना राजदूतहरूलाई फिर्ता बोलाउने गरी मिति २०८२।०६।३० मा मन्त्रिपरिषदबाट भएको निर्णय तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी आजैका मितिमा यसै इजलासबाट नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतका नाममा अन्तरिम आदेश जारी भएको र प्रस्तुत निवेदन सो निवेदनसँग अन्तरसम्बन्धित भई सो बमोजिम हुने नै हुँदा प्रस्तुत मुद्दामा अन्तरिम आदेश सम्बन्धमा थप बोलिरहनु पर्ने भएन। कानूनबमोजिम गर्नुहोला।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८२ साल कार्तिक १६ गते रोज १ शुभम् ..............................।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल

आदेश

०८२-WO-०३२९

विषयः उत्प्रेषण।

लक्ष्मी प्रसाद रेग्मी ........................................................................१ निवेदक

विरुद्ध

श्री राष्ट्रपतिको कार्यालय शितलनिवास समेत ..............................................१ विपक्षी

रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री विजयप्रसाद मिश्र, श्री रमेश बडाल, श्री गोपालकृष्ण घिमिरे, श्री विदुरप्रसाद ढुङ्गाना र श्री खम्मबहादुर खाती, विद्वान् अधिवक्ताहरू श्री धर्मराज रेग्मी, श्री राजेन्द्र घिमिरे तथा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका तर्फबाट उपस्थित माननीय महान्यायाधिवक्ता श्री सबिता भण्डारी, विद्वान् नायब महान्यायाधिवक्ताहरु श्री संजीवराज रेग्मी, श्री लोकराज पराजुली र श्री खेमराज ज्ञवाली तथा उपन्यायाधिवक्ता श्री प्रकाश घिमिरेले गर्नुभएको बहससमेत सुनियो।

यसमा मन्त्रिपरिषदबाट मिति २०८२।०६।३० मा भएको राजदूत फिर्ता गर्ने निर्णय कार्यान्वयन नगर्नु, नगराउनु, गर्न नलगाउनु, यथास्थितिमा राख्नु, राख्न लगाउनु भनी अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदन माग दाबी रहे तर्फ विचार गर्दा मन्त्रिपरिषदबाट मिति २०८२।०६।३० मा विदेश स्थित नेपाली राजदूतहरूलाई फिर्ता बोलाउने सम्बन्धमा निर्णय भएको देखिन्छ। सो निर्णय हेर्दा, "संलग्न अनुसूची १ मा उल्लिखित विभिन्न ११ (एघार) वटा मित्र राष्ट्रहरूमा कार्यरत नेपाली आवाशीय राजदूतहरूलाई सो पदको जिम्मेवारीबाट मुक्त गरी मिति २०८२।०७।२० गते भित्र नेपाल फर्किई सक्ने गरी फिर्ता बोलाउने निर्णय हुनुपर्ने" भन्ने परराष्ट्र मन्त्रालयको विभागीय मन्त्रीबाट मिति २०८२।०६।३० मा स्वीकृत भई पेश हुन आएको प्रस्तावमा "प्रस्तावमा लेखिए बमोजिम गर्ने" भनी मन्त्रिपरिषदबाट निर्णय भएको देखिन्छ। राजदूत नियुक्ति सम्बन्धी निर्देशिका,

२०७५ को दफा ८(क) मा राजदूतको पदावधि नियोगमा हाजिर भएको मितिले ४ (चार) वर्षको हुने व्यवस्था रहेको देखिन्छ। सोही निर्देशिकाको दफा ८(ग) मा नेपाल सरकारले आवश्यक ठानेमा राजदूतलाई पदावधि पूरा हुनु अगावै निर्णय गरी फिर्ता बोलाउन सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ।

राजदूत नियुक्ति सम्बन्धी निर्देशिका, २०७५ को दफा ९ मा राजदूतको कर्तव्य सम्बन्धमा स्पष्ट पारिएको पाइन्छ भने दफा १६ मा कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा व्यस्थाहरू गरिएको पाइन्छ। सो दफा १६ बमोजिम मन्त्रालयले कार्य विवरणका आधारमा राजदूतको कार्य सम्पादनको मूल्याङ्कन गर्नेछ भन्ने व्यवस्था गरिएको पाइन्छ। तर, मन्त्रिपरिषदबाट विभिन्न ११ मित्र राष्ट्रहरूमा कार्यरत राजदूतहरूलाई पदमुक्त गरी फिर्ता बोलाउने मिति २०८२।०६।३० मा निर्णय गर्दा उपरोक्त बमोजिमको कार्य सम्पादन मूल्याङ्कन समेतका आधार कारण खुलाइएको पाईँदैन।

मिति २०८१।०४।१४ (म.प.बै.नं.२१/०८१) को तत्कालीन मन्त्रिपरिषदको निर्णय बमोजिम अष्ट्रेलिया लगायतका १७ मुलुकहरूको लागि नेपालको आवाशीय राजदूत पदमा एक अवधि (चार वर्ष) का लागि नियुक्तिका लागि सिफारिस भई राष्ट्रपतिबाट नियुक्त भई कार्यरत राजदूतहरूमध्ये चिन, जर्मनी, इजरायल, मलेशिया, कतार, रुस, साउदी अरब, स्पेन, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका र जापनका लागि नियुक्त राजदूतहरूलाई पदमुक्त गरी फिर्ता बोलाइएको र अष्ट्रेलिया, भारत, डेनमार्क, श्रीलंका, दक्षिण कोरिया र दक्षिण अफ्रिकामा कार्यरत राजदूतहरूलाई यथावत् राखिएको अवस्था समेत देखिन आयो।

नेपालको संविधानको धारा ५१(ड) मा नेपालको अन्तरराष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिमा स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने समेतको राज्यको नीति सम्बन्धमा स्पष्ट गरिएको पाइन्छ। धारा २८२ मा समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खाश प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्ति गर्ने सम्बन्धी संवैधानिक प्रावधान रहेको पाइन्छ। राष्ट्रिय हीतको संरक्षण र प्रवर्द्धनका लागि नेपालको परराष्ट्र नीति अनुरूप अन्तरराष्ट्रिय सम्बन्ध एवं कुटनीतलाई सञ्चालन गर्ने गहन राष्ट्रिय जिम्मेवारी राजदूतको हुने भएको साथै नेपालका नागरिकहरू संसारका विभिन्न मुलुकहरूमा अध्ययन, रोजगारी समेतका विभिन्न कार्यका लागि गई तत् मुलुकसँग कुटनीतिक सम्बन्ध कायम रही आएको परिप्रेक्ष्यमा राष्ट्रको प्रतिनिधिको रूपमा रहने राजदूतको नियुक्ति र फिर्ता समेतको विषय सार्वजनिक सरोकारको विषय होइन भन्न मिल्ने अवस्था देखिएन।

मन्त्रिपरिषदबाट मिति २०८२।०६।३० मा भएको निर्णयबमोजिम फिर्ता

बोलाइएका एघार जना राजदूतहरूको पदावधि बाँकी नै रहेको अवस्था देखिन आएको, फिर्ता बोलाउनु पर्ने कारण मन्त्रिपरिषदको निर्णयमा उल्लेख भएको नदेखिएको, रिक्त हुन आउने राजदूत पदमा नयाँ नियुक्ति सम्बन्धमा कुनै कार्य भए गरेको भन्ने अवस्था पनि नदेखिएको, नेपालको संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक व्यवस्था बमोजिम ६ महिनाभित्र प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न गर्ने गरी हालको अन्तरिम सरकार गठन भएको भन्ने राष्ट्रपतिको कार्यालयको मिति २०८२।०५।२७ को विज्ञप्तिमा उल्लेख भएको देखिन आएको र सोही मितिमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट मिति २०८२।०५।२७ मा प्रतिनिधिसभा विघटन भएबाट नेपालको संविधानको धारा २९२ समेतलाई दृष्टिगत गर्दा तत्कालै राजदूतको पदपूर्ति हुन सक्ने अवस्था नभई राजदूत पद रिक्त हुन जाने अवस्था देखिन आएको छ। सोबाट नेपालको अन्तरराष्ट्रिय सम्बन्ध समेतमा असर पर्न सक्ने सम्भावना रहेको अवस्था देखिन आएको र तत्कालीन मन्त्रिपरिषदबाट एकै मितिमा भएको सिफारिस बमोजिम नियुक्त विभिन्न देशका १७ जना आवाशीय राजदूतहरूमध्ये ११ जनालाई मात्र छनौट गरी पदमुक्त गरी फिर्ता बोलाउने निर्णय गर्दा सो निर्णय गर्नुपर्ने आवश्यक्ता र औचित्य पुष्टि हुने कुनै कारण समेत निर्णयमा उल्लेख भएको नदेखिंदा प्रस्तुत निवेदनमा अन्तिम आदेश हुँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई उक्त मन्त्रिपरिषदबाट मिति २०८२।०६।३० मा भएको राजदूत फिर्ता गर्ने सम्बन्धी निर्णय कार्यान्वयन नगर्नु, नगराउनु, गर्न नलगाउनु, यथास्थितिमा राख्नु, राख्न लगाउनु भनी विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई नियमानुसार गर्नुहोला।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८२ साल कार्तिक १६ गते रोज १ शुभम् ..................................।